साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

# कार्यपालिका निर्णयहरु सार्वजनिकरण

**आ.व.**२०८०/८१ | **बैठक मिति:** २०८०/०५/५
**बैठक नं.** २ | **समय: बिहान:** ११: ०० बजे

प्रस्तावहरु:

१. कार्यविधी तथा मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।
२. प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
३. काठ लिलाम अनुमति माग सम्बन्धमा ।
४. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
५. नगर प्रहरी सेवा शर्त तथा सुविधा सम्बन्धमा ।
६. सूचना जारी गर्ने सम्बन्धमा ।
७. कोल्ड स्टोर रहेको जग्गा साँफेबगर नगरपालिकाको नाममा दर्ता गर्ने सम्बन्धमा ।
८. पूर्वनिर्मित घरको अभिलेखीकरण सम्बन्धमा ।
९. नेपाल टेलिकम रिपिटर टावर विद्युत जडान सम्बन्धमा ।
१०. ढुंगा,गिट्टी, बालुवाको टेण्डर सम्बन्धमा ।
११. विविध

निर्णयहरु:

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा साँफेबगर नगरपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधी २०८० र साँफेबगर नगरपालिकाको नगर शिक्षक छनौट मापदण्ड २०८० स्वीकृतीको लागि यस कार्यपालिका समक्ष पेश हुँदा उक्त कार्यविधी र मापदण्ड उपर दफाबार छलफल भई हुबहु स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय युवा परिषद्को च.नं. ६८ मिति २०८०/०५/०१ गतेको युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेश गर्न आव्हान गरिएको परिपत्र अनुसार तोकीएको अवधिभित्र राष्ट्रिय युवा परिषद्मा निवेदन पेश गर्ने र साँफेबगर नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोत साधनमा सहयोगको लागि काठमाण्डौं महानगरपालिकामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको कार्यालय परिसरसँगै जोडिएको साँफेबगर विमानस्थलमा हवाई यातायात सञ्चालनमा ल्याउँदा कार्यालय परिसरमा रहेका सिसम जातका रुखहरुले हवाई यातायात सञ्चालनमा बाधा पुग्ने भई काट्नुपरेको र उक्त रुखहरुको कटानबाट प्राप्त काठ लिलाम बिक्री गरी सोबाट प्राप्त आय रकम नगरपालिकाको सञ्चित कोषमा आम्दानी बाँधिने गरी काठ लिलाम बिक्री अनुमति उपलब्ध गराउन डिभिजन वन कार्यालय मंगलसेन अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आ.व. २०७९/०८० मा भएको सेवा प्रवाहको बारेमा सेवाग्राही नागरिक र वडा कार्यालय बीचको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८० साल भाद्र मसान्त भित्र सम्पन्न गर्ने र वडा कार्यालयहरुको सार्जनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपश्चात नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आन्तरीक सुरक्षा व्यवस्थालाई मजबुत बनाउन नगर प्रहरीको पदपूर्ति गर्न आवश्यक भएको र त्यसरी पदपूर्ति गरिने नगर प्रहरीको सेवा शर्त र सुविधा तपसिल बमोजिम रहने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

- तहविहीन नगर प्रहरी जवान मासिक पारिश्रमिक रु. १६,०००/-
- कमाण्डर नगर प्रहरी इन्चार्ज मासिक पारिश्रमिक रु. १८,०००/-

**निर्णय नं. ६**

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर अछामको नाममा रहेको कार्यालय भवन तथा सो भवनले चर्चेको क्षेत्रफल भित्रको जग्गामा निर्माण गरिएका घर तथा अन्य भौतिक संरचनाहरु ३५ दिन भित्र हटाउने गरी सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउन ३५ दिने सार्वजनिक सूचना जारी गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं.७ माथि छलफल गर्दा नयाँ शहर आयोजना कार्यालय साँफेबगर अछामको सहयोगमा साँफेबगर नगरपालिका वडा नं. ४ जनकल्याण टोलमा निर्मित कोल्ड स्टोर रहेको जग्गा साँफेबगर नगरपालिकाको नाममा दर्ता गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं.८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्र भित्र निर्माण गरिएका पूर्वनिर्मित घरहरुको अभिलेखीकरण कार्य आ.व. २०८०/०८१ को असार मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं.९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १२ खसड र वडा नं. १३ बाब्लाको सिमानामा रहेको खाँदिगाडे डाँडामा सञ्चालनमा रहेको नेपाल टेलिकमको सोलार सिष्टमबाट सञ्चालित रिपिटर टावर मौसमजन्य प्रकोपका कारण सोलार सिष्टम पटक पटक बिग्रेर सञ्चार सेवा अवरुद्ध भइरहेकोले नेपाल विद्युत प्राधिकरणको समन्वयमा उक्त रिपिटर टावरमा विद्युतीय लाइन जडान गर्न नेपाल विद्युत प्राधिकरणले तयार गरेको लागत अनुमान अनुसार ३ लाख ७३ हजार खर्च हुने भएको र सो मध्ये रकम रु. १ लाख ५० हजार यस साँफेबगर नगरपालिकाले व्यहोर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. १०**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आन्तरीक आय अन्तर्गत आ.व. २०८०/०८१ मा (श्रावण र भाद्र महिना बाहेक) यस नगरपालिका क्षेत्रका नदीनाला तथा खोला खोल्साबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा निकासी गर्ने प्रयोजनार्थ मिति २०८० असार ३० गते सम्पन्न कार्यपालिका बैठकबाट रकम रु. ६० लाख (भ्याट सहित) मा ३० दिने सार्वजनिक सूचना जारी गरी टेण्डर आव्हान गरिएकोमा उल्लेखित समय सीमा भित्र कुनैपनि व्यक्ति तथा फर्मको टेण्डर नपरेकोले पुनः रकम रु. ४६,००,९००/- छयालीस लाख नौ सयमा (भ्याट सहित) १५ दिने सूचना स्थानीय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी टेण्डर आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।